मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

## जनै पूर्णिमा (रक्षाबन्धन) को शुभकामना

आज जनै पूर्णिमा। हरेक वर्ष श्रावण शुक्ल पूर्णिमाको दिन मनाईने जनै पूर्णिमा अर्थात रक्षा बन्धनको अवसरमा सबै नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

जनै पूर्णिमाका दिन तागाधारी समुदायले पुरोहितबाट नयाँ जनै फेर्नुका साथै हातमा रक्षाबन्धन बाँध्ने परम्परा छ। श्रावण शुक्ल पूर्णिमाकै दिन तराईमा दिदीबहिनीले दाजुभाइको नाडीमा ***राखी*** बाँधेर यो पर्व मनाउने गर्छन्। नेवार समुदायले यो दिनलाई **'गुँपुन्ही'** का रूपमा मनाउने परम्परा छ। विविध धर्म संस्कृतिको धनी हाम्रो मुलुक धार्मिक सहिष्णुताको अनुकरणीय नमूना हो। एकै दिन पर्ने पर्वलाई समुदाय विशेषअनुसार फरक तरिकाले मनाइनु पनि धार्मिक सहिष्णुताकै सबैभन्दा दरिलो उदाहरण हो।

नेपाल बहुजातिय, बहुभाषिक र बहुसांस्कृतिक देश भएकाले यस्ता पर्वले सामाजिक, सांस्कृतिक र जातीय एकता कायम गर्दै आपसी सद्भावलाई प्रगाढ बनाउने विश्वास लिएको छु। पर्व र संस्कृतिले समुदायबीच आपसी सद्भाव कायम राख्दै सांस्कृतिक, आर्थिक र सामाजिकरूपमा एकीकृत र मजबुत बनाउन सहयोग पुग्ने अपेक्षा प्रदेश सरकारको रहेको छ। यसै सन्दर्भमा यस वर्षमा मनाइने गाईजात्रा, रोपाईजात्राको पनि सबैमा शुभकामना व्यक्त गर्दछु।

**मिति: २०८० भदौ १४ गते बिहिबार**

.........................
**सुरेन्द्रराज पाण्डे**
**मुख्यमन्त्री**